E-mail: deo.parsa@election.gov.np

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

पर्सा, बीरगंज

प.स. २०७९/०८०
च.न. ५२

मितिः-२०७९/०५/२३

**बिषयः- सफाई सहितको स्पष्टीकरण पेश गर्ने बारे ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्सा ।

श्री पर्सा जिल्ला स्थानीय तह सबै,

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग, नेपालको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको प.सं/ च.नं. १२६/०७९/८०, मिति २०७९/०५/२२ गतेको पत्रानुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम तथा स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३०(तीस) भित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा जिल्ला समन्वय समिति, नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा भाग लिई तोकिएको समयावधि भित्र निर्वाचनको खर्चको विवरण नबुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधिभित्र के कुन कारणले कुन निर्वाचन खर्चको विवरण नबुझाएको हो ? निर्वाचन खर्च विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उम्मेदवारहरुले सफाई सहितको स्पष्टिकरण जिल्ला निर्वाचन कार्यालय पर्सामा आफै उपस्थित भई पेश गर्नुहुन आदेशानुसार अनुरोध छ ।

**नोटः**

यस कार्यालयबाट यसै पत्रसाथ संलग्न गरी पठाईएको नाम नामेशी सहितको विद्युतीय प्रति सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको Website, Facebook Page र सूचना पार्टीमा सबैले देख्ने गरी नाम नामेशीको विवरण प्रकाशन गरी सोको रित्तपूर्वक मुचुल्का खडा गरी जिल्ला निर्वाचन कार्यालयमा यथाशिघ्र पठाईदिनहुन अनुरोध छ ।

..............................
रंजिता झा
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

वीरगंज महानगरपालिका १३, पर्सा नेपाल फोन नं. ०५१-५२५८३८ मोबाइल: ९८५५०३५८३८ फ्याक्स: ०५१-५२५८३८

## स्थानीय तह निर्वाचन, २०७९ मा सहभागी उम्मेदवारहरुले खर्च विवरण पेश नगरेको सूचि

| प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं. | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | देवी माया थिङ | २४५७३६३६ | महिला | २७ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | धन माया घलान (ठोकर) | ०७८१४७४१ | महिला | ३९ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | ज्ञान कुमारी जोशी | १७८१५७८८ | महिला | ३७ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | फुल माया दर्जि | ०७८०२७७५ | महिला | ३६ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | भगवती देवी धिताल | ०७८०३६१४ | महिला | ४९ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | निशा खड्का | ०७९०३६३४ | महिला | ३६ | नेपाल कम्युनिष्टि पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | महिला सदस्य | लालमुनी देवी | २०४४३६७६ | महिला | ६० | नेपाल कम्युनिष्टि पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | मेघ राज सुनुवार | ०७९०५९७५ | पुरुष | ३५ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | ईश्वरी देवी प्रजा | ०७८०२१५३ | महिला | ४२ | नेपाल कम्युनिष्टि पार्टी (एमाले) | निर्वाचित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | समिता विश्वकर्मा | ०७९०४१८८ | महिला | ३४ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |
| मधेश प्रदेश | पर्सा | ठोरी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | अनुखा सुनुवार | ०७९०६००५ | महिला | ३३ | नेपाल कम्युनिष्टि पार्टी (माओवादी केन्द्र) | पराजित | पेश नगरेको |

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४